# वर्तमान सुधार

## (केही प्रश्न केही उत्तर)

२०३२

# वर्तमान सुधार

## (केही प्रश्न केही उत्तर)

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय कार्यालयद्वारा प्रकाशित

२०३२

LIBRARY

तेस्रो संस्करणः–
१५,००० प्रति

7159

मुद्रकः– श्री ५ को सरकारको छापाखाना, सिंहदरवार, काठमाडौं ।



श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

राष्ट्रिय हित र एकतालाई अझ बढी सघाउ पुऱ्याई जनताको निम्ति जनताद्वारा जनशक्तिलाई परिचालन गरी देशको जनस्तर उठाउन विकासको निम्ति राजनीति हुनु पर्दछ ।

—श्री ५ वीरेन्द्र

हामीले अधिकारलाई कर्तव्य र कर्तव्यलाई अधिकार ठानी यिनीहरूको प्रयोग र पालन गर्दै आ–आफ्नो क्षेत्रमा लगनशील भई काम गऱ्यौं भने हाम्रो मुलुकको विकासको ढोका अवश्य खुल्नेछ ।

—श्री ५ वीरेन्द्र

**प्रश्न नं. १. वर्तमान सुधार किन ?**

उत्तर: नं. १. दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीका कतिपय लक्ष्यमध्ये एउटा मूल लक्ष्य राष्ट्रिय एकता र सार्वभौमिकतालाई अक्षुण्ण राखी यसको संरक्षण र संवर्द्धन गर्नु हो । तर राजनैतिक विकास तथा आर्थिक आधुनिकीकरणका प्रक्रियाहरू ( Processes ) परस्परमा बाझिने वा अप्रासंगिक भइदिएमा राष्ट्र नै खतरामा पर्न जाने प्रबल सम्भावना भएकोले निर्दलीयता र वर्ग-सामञ्जस्यलाई व्यवस्थाले पूर्वाधारको रूपमा लिएको छ ।

२. विगत अनुभव र उपलब्धिका आधारमा व्यवस्थाका आधारभूत विशेषताहरू र गतिशीलतालाई नखलबलाई यसलाई अझ सुदृढीकरण गर्ने र यसमा देखापर्न आएका असंगति र अन्तर्विरोधलाई ( Inner conflict ) सच्याउने उद्देश्य अनुरूप सुधारको तात्पर्य २०१७ सालपछि राष्ट्रले अपनाएका सुधारका कदमहरूलाई छोडी दिशापरिवर्तन गर्ने होइन, बरू उक्त कदमहरूको संवर्द्धन तथा सुदृढीकरण गर्नु हो ।

३. व्यवस्थालाई जन-आकांक्षा अनुरूप जनमुखी बनाउनमा कार्यकर्ताहरूको आचरण, वैचारिक कटिबद्धता ( Ideological commitment ) र जनप्रियता आदिको ठूलो हात भएकोले कुनै पनि पञ्च कार्यकर्ताहरूलाई सम्बन्धित वा माथिल्लो तहमा निर्वाचन वा मनोनयन गर्नुभन्दा अघि उनीहरूले व्यवस्था र स्थानीय विकासमा के कस्ता योगदान गरेका छन् त्यसको वस्तुगत मूल्याङ्कन गरी निर्वाचन वा मनोनयनको मूल आधार कसरी बनाउन सकिन्छ सो बारे सामयिक प्रयत्न गर्ने सुधारको ध्येय रहेको छ ।

४. पञ्चायतका विभिन्न निकायहरूबाट सञ्चालित कार्यक्रमहरूलाई परस्परमा प्रतिस्पर्धा नहुने गरी सबैको संयुक्त दायित्वमा सञ्चालन गर्ने र समन्वयका कडीहरू कायम गर्ने सुधारले प्रयास गरेको छ।

५. ग्राम-जनतालाई राष्ट्रनिर्माणका परियोजनाहरूमा निरन्तर तथा अटूट रूपमा संलग्न र कार्यरत तुल्याएर मात्र विकास तथा परिवर्तनका प्रक्रियाहरू ( Processes ) स्वचालित (Self-sustained ) तथा आत्म-निर्भर ( Self-sufficient ) गराउन सकिने भएकोले पञ्चायतका निकायहरूलाई स्थानीय जनशक्ति र स्रोतको परिचालन तथा विकासमा अधिकाधिक सक्षम र प्रभावकारी बनाउन आवश्यक र उपयुक्त उपायहरू चाल्ने सुधारले प्रयास गरेको छ।

६. आजको विकासमूलक राजनीतिको परिप्रेक्ष्यमा नेपाली समाजलाई राजनीतिक, आर्थिक, प्रशासनिक र सामाजिक छुट्टाछुट्टै आंशिक दृष्टिकोणले नहेरी यसको सम्पूर्ण पक्षलाई समष्टिगत रूपमा हेरी राष्ट्र-उत्थानको विकासकार्यमा जनतालाई नै अत्यधिक सहभागी, सहयोगी र उत्तरदायी बनाउनु पर्ने कुरा नितान्त आवश्यक भएकोले निर्दलीय पञ्चायती व्यवस्थाले निर्धारण गरेका आधारभूत मान्यताहरू देशका तमाम राजनीतिक, आर्थिक, प्रशासनिक र सामाजिक क्षेत्रहरूलाई संस्कार र अनुशासनको रूपमा ग्रहण गराउने सुधारको एक प्रमुख उद्देश्य रहेको छ।

७. पञ्चायत व्यवस्थाले शहरमा मात्र केन्द्रित राजनीतिक परिपाटी त्यागी ग्रामीण वस्तुस्थितिमा आश्रित राजनीतिक प्रणाली अपनाएको हुनाले सो प्रणाली अनुकूल राजनीतिक संस्कार एवं मान्यतालाई अझ बढी मात्रामा प्रष्ट र परिमार्जित पार्ने र सो अनुरूप राष्ट्रिय दृष्टिकोण राख्ने र ग्रामीण वास्तविकताको धरातलमा पाइला टेकेका व्यवस्थावादी, चेतनशील, प्रशिक्षित एवं अनुशासित पञ्च कार्यकर्ताहरू अधिकाधिक संख्यामा तयार पार्नुपर्ने आवश्यकता पूर्ति गर्नेतर्फ प्रभावकारी मागको रूपमा बर्तमान सुधारहरू आएका छन्।

८. पञ्चायत व्यवस्थाले देशको शासनार्थ अपनाएको लोकसम्मतिको आधार र क्रमिक विकेन्द्रीकरणको माध्यमलाई अझ बढी परिष्कृत र प्रभावकारी बनाउन गाउँफर्क राष्ट्रिय अभियान, पञ्चायत, वर्गीय संगठन र प्रशासन लगायत व्यवस्थाका विभिन्न निकायहरूको कार्यक्षेत्र, उत्तरदायित्व एवं पारस्परिक सम्बन्धलाई बढी प्रष्ट पार्ने सुधारले प्रयास गरेको छ।

**प्रश्न नं. २. सुधारका विशेषताहरू के हुन् ?**

उत्तर : सुधारका विशेषताहरू यस प्रकार छन् :–

**१. मन्त्रिपरिषद्:**

(क) श्री ५ बाट उपयुक्त सम्झिबक्सेमा मन्त्रिपरिषद् गठन गर्दा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको परामर्श लिन सकिबक्सने व्यवस्था गरिएको छ।

(ख) प्रत्येक मन्त्रीमा आफ्नो मन्त्रालयको कामको लागि व्यक्तिगत जिम्मेदारी रहनेछ।

(ग) साविकमा राष्ट्रिय पञ्चायतमा प्रधानमन्त्री र अन्य मन्त्रीहरू उपर मात्र अविश्वासको प्रस्ताव ल्याउन सकिने व्यवस्था भएकोमा अब उप्रान्त आफ्नो पदको जिम्मेदारी ईमान्दारी-साथ सम्पन्न नगरेमा प्रधानमन्त्री र अन्य मन्त्री लगायत राज्यमन्त्री र सहायक मन्त्रीउपर समेत प्रस्ताव ल्याउन सकिने थप व्यवस्था गरिएको छ।

**२. राष्ट्रिय पञ्चायत:**

(क) पञ्चायतको माध्यमबाट मात्र राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व हुने व्यवस्था गर्न उपयुक्त भएकोले वर्गीय संगठन तथा स्नातक क्षेत्रबाट प्रतिनिधित्व हुने व्यवस्था हटाइएको छ।

(ख) राष्ट्रिय पञ्चायतको अध्यक्ष र उपाध्यक्षको पदमा नियुक्त हुन राष्ट्रिय पञ्चायतको सिफारिशको लागि हुने निर्वाचनमा दुई-तिहाई बहुमतको आवश्यकता पर्ने र सो

आवश्यक बहुमत प्राप्त नभएमा मात्र गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको परामर्शमा श्री ५ बाट नियुक्त हुने व्यवस्था गरिएको छ । साबिकमा राष्ट्रिय पञ्चायतमा अविश्वासको प्रस्ताव अध्यक्षउपर मात्र ल्याउन सकिने व्यवस्था भएकोमा अब उप्रान्त आफ्नो पदको जिम्मेदारी ईमान्दारीसाथ सम्पन्न नगरेमा अध्यक्ष लगायत उपाध्यक्षउपर समेत प्रस्ताव ल्याउन सकिने थप व्यवस्था गरिएको छ ।

(ग) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको सिफारिश अनुसार श्री ५ बाट हटाइबक्सेमा पनि राष्ट्रिय पञ्चायतको अध्यक्ष र उपाध्यक्षको पद रिक्त हुने गरिएको छ ।

(घ) राष्ट्रिय पञ्चायतको अधिवेशन सामान्यतया वर्षको एक पटक बस्नेछ ।

(ङ) राष्ट्रिय पञ्चायतको सम्बन्धित समितिले सदनमा विधेयक प्रस्तुत गर्ने व्यवस्था गरिएको छ ।

(च) राष्ट्रिय पञ्चायतको कामकारवाई सामान्यतया खुला रूपमा हुनेछ ।

(छ) राष्ट्रिय पञ्चायतको अध्यक्ष एवं उपाध्यक्षको पदावधि दुई वर्ष र सदस्यहरूको पदावधि ६ वर्ष रही आएकोमा अब उप्रान्त सबैको पदावधि चार वर्ष हुनेछ ।

(ज) राष्ट्रको सर्वोच्च विधायिका राष्ट्रिय पञ्चायतमा जिल्लाहरू-बाट जाने प्रतिनिधिसंख्या साबिकको ९० बाट बढाई ११२ पुऱ्याई पच्चीस प्रतिशत जति बढाइएको छ ।

(झ) राष्ट्रिय पञ्चायतमा श्री ५ बाट मनोनीत हुने सदस्य संख्यामा केही वृद्धि गरिएको छ ।

(ञ) राष्ट्रिय पञ्चायतको बैठकको लागि गणपूरक संख्या सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनेछ ।

(ट) राष्ट्रिय पञ्चायतमा दलविहीन प्रजातान्त्रिक पञ्चायत

प्रणालीको सिद्धान्तको विरुद्धमा आलोचना गर्न नपाइने व्यवस्था गरिएको छ ।

(ठ) राष्ट्रिय पञ्चायतको कुनै सदस्यले आचारसंहिता उल्लंघन गरेमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले कारवाई गरी सजायँको लागि श्री ५ मा प्रतिवेदन चढाउन सक्ने र मौसूफबाट स्वीकृत गरिबक्सेमा त्यस्तो सदस्य निष्कासित हुनेछ ।

**३. निर्वाचनक्रम र समयः**

(क) अधिराज्यका अञ्चलहरूलाई चार समूहमा विभाजन गरी प्रत्येक वर्ष पालैपालो एक समूहमा गाउँदेखि राष्ट्रिय पञ्चायतसम्म एकै समयमा निर्वाचन हुनेछ। कुन अञ्चललाई कुन समूहमा समावेश गरी समूहहरूको निर्वाचन कुन क्रमले गर्ने भन्ने कुरा निर्वाचन आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(ख) सबै तहको पञ्चायतको निर्वाचन सामान्यतः माघदेखि चैत्र मसान्तसम्ममा सम्पन्न हुनेछ ।

**४. पञ्चायतका विभिन्न तहको संगठनात्मक स्वरूपः**

(क) गाउँ तथा नगर पञ्चायत :

(१) प्रत्येक वडाबाट गाउँ वा नगर सभाको लागि ५।५ जना-का दरले सम्बन्धित वडाका २१ वर्ष पुगेका नागरिकले गाउँ वा नगर सभाको लागि सदस्य निर्वाचन गर्ने ।

(२) प्रत्येक वडाको गाउँ वा नगर सभाको सदस्य उम्मेदवार र सो सभाका सम्पूर्ण सदस्य मतदाता भई गाउँ वा नगर पञ्चायतको सदस्य निर्वाचन गर्ने ।

(३) गाउँफर्कले गाउँ पञ्चायतमा २ र नगर पञ्चायतमा २ देखि ६ सम्म सदस्य मनोनीत गर्ने। गाउँ वा नगर पञ्चायतमा कुनै महिला सदस्य निर्वाचित नभएको अवस्थामा गाउँफर्कले मनोनीत गर्दा कम्तीमा एक जना महिला मनोनीत गर्नुपर्ने

व्यवस्था गरिएको छ ।

(४) गाउँ वा नगर पञ्चायतका सदस्यहरूले आफूहरूमध्येबाट प्रधान र उपप्रधान पञ्च निर्वाचन गर्ने । त्यस्तो निर्वाचनमा विजयी हुन दुई–तिहाई बहुमत प्राप्त गर्नुपर्ने । सो आवश्यक बहुमत प्राप्त हुन नसकेमा गाउँफर्कले सदस्यहरूमध्येबाट तोकेका व्यक्ति प्रधान र उपप्रधान पञ्च हुनेछन् ।

(ख) जिल्ला पञ्चायत:

(१) गाउँ वा नगर पञ्चायतका प्रधान र उपप्रधान पञ्च जिल्ला सभाका पदेन सदस्य हुनेछन् । नगर पञ्चायतको हकमा प्रधान र उपप्रधान पञ्चका अतिरिक्त नगर पञ्चायतका सदस्यहरूले आफूहरूमध्येबाट कुल वडा संख्याको एक–तिहाईले निर्वाचन गरेका सदस्यहरू पनि जिल्ला सभाका सदस्य हुनेछन् ।

(२) प्रत्येक जिल्लालाई नौ इलाकामा विभाजन गरी प्रत्येक इलाकाबाट १।१ जनाका दरले जिल्ला सभाका सम्पूर्ण सदस्यहरूले जिल्ला पञ्चायतका सदस्य निर्वाचन गर्नेछन् ।

(३) गाउँफर्कले ४ जना सदस्य जिल्ला पञ्चायतमा मनोनीत गर्नेछ । जिल्ला पञ्चायतमा कुनै महिला सदस्य निर्वाचित नभएको अवस्थामा गाउँफर्कले मनोनीत गर्दा कम्तीमा एक जना महिला मनोनीत गर्नु पर्नेछ ।

(४) जिल्ला पञ्चायतका सदस्यहरूले आफूहरूमध्येबाट सभापति र उपसभापतिको निर्वाचन गर्नेछन् । सो निर्वाचनमा विजयी हुन दुई–तिहाई बहुमत प्राप्त गर्नु पर्नेछ । सो आवश्यक बहुमत प्राप्त हुन नसकेमा मात्र गाउँफर्कले सदस्यहरूमध्येबाट तोकेका व्यक्ति सभापति र उपसभापति हुनेछन् ।

(ग) राष्ट्रिय पञ्चायत:

(१) जिल्ला पञ्चायतको सदस्य राष्ट्रिय पञ्चायतको

लागि उम्मेदवार हुनेछ। सो निर्वाचनमा अञ्चल सभा र सम्बन्धित जिल्लाको जिल्ला सभाका सदस्यहरूले मतदान गर्नेछन्।

(२) अब उप्रान्त राष्ट्रिय पञ्चायतको उम्मेदवारका प्रस्तावक र समर्थक जिल्ला सभाका सदस्यहरू हुनेछन्।

**५. पञ्चायतका सबै तहका सदस्यहरूको पदावधिः**

पञ्चायतका सबै तहका सदस्य तथा पदाधिकारीहरूको पदावधि चार वर्षको हुनेछ। कुनै कारणवश निर्धारित समयमा कुनै निर्वाचन सम्पन्न हुन नसकी अरू समयमा सम्पन्न भए पनि सो निर्वाचनमा निर्वाचित सदस्यको पदावधि निर्धारित समयमा निर्वाचन भएसरह सम्झी गणना गरिनेछ।

**६. निर्वाचित सदस्यको प्रत्याह्वान :**

प्रधानमन्त्री, उप-प्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्री बाहेक पञ्चायतका सबै तहमा निर्वाचित सदस्यलाई प्रत्याह्वान गर्न सकिने व्यवस्था गरिएको छ।

**७. वर्गीय संगठनहरूको नयाँ व्यवस्था :**

(क) वर्गीय संगठनहरूलाई दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको उद्देश्य अनुरूप सुदृढीकरण गरी गाउँ, नगर तथा जिल्लास्तरसम्म राख्ने नयाँ व्यवस्था गरिएको छ।

(ख) भइरहेका वर्गीय संगठनहरूको संख्यामा प्रौढ संगठनको समेत थप व्यवस्था गरिएको छ।

(ग) पञ्चायतका विभिन्न तहको लागि उम्मेदवार हुन र ती तहमा सदस्यता कायम रहन कुनै वर्गीय संगठनको कानूनमा व्यवस्था भए बमोजिम सक्रिय सदस्यता प्राप्त गर्न अनिवार्य हुनेछ।

(घ) वर्गीय संगठनको विषयमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिलाई सुझाउ तथा सल्लाह दिन वर्गीय संगठनहरूको एउटा केन्द्रीय सल्लाहकार समिति रहनेछ।

(ङ) वर्गीय सगठनमा साधारण र सक्रिय दुई प्रकारको सदस्यता हुने व्यवस्था गरिएको छ ।

**८. निर्वाचित सदस्यको रिक्त स्थानको पूर्ति :**

स्थानीय पञ्चायतका सबै तहमा निर्वाचित सदस्यको रिक्त स्थानको पूर्ति सहवरणद्वारा हुनेछ । तर राष्ट्रिय पञ्चायतको हकमा निर्वाचित सदस्यको रिक्त स्थानको पूर्ति निर्वाचनद्वारा नै हुनेछ ।

**९. गाउँफर्क राष्ट्रिय अभियान :**

(क) गाउँफर्क राष्ट्रिय अभियानलाई संवैधानिक स्थान प्रदान गरिएको छ ।

(ख) यसका विभिन्न तहको संगठनात्मक स्वरूप पुनः निर्धारित भएको छ ।

(ग) गाउँफर्कको कार्यक्षेत्र देहाय बमोजिम पुनः निर्धारित भएको छ ।

(१) पञ्चायत व्यवस्थाको राजनैतिक सिद्धान्तको प्रतिपादन, व्याख्या र प्रचार ।

(२) पञ्च कार्यकर्ताहरूको प्रशिक्षण, सुसंगठन, योग्यता-निर्धारण र मूल्याङ्कन ।

(३) राजनीतिक कार्यक्रमको तर्जुमा, राजनीतिक सञ्चालन, पञ्चभेलाको आयोजन र राजनीतिक सञ्चार ।

(४) प्रत्याह्वान गर्ने प्रस्तावलाई अनुमति दिने ।

(५) कानूनमा व्यवस्था भए बमोजिमका अन्य काम ।

**१०. अख्तियार दुरुपयोग निवारण आयोग :**

अख्तियारको दुरुपयोगलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न अख्तियार दुरुपयोग निवारण आयोगको संवैधानिक व्यवस्था भएको छ ।

**प्रश्न नं. ३. गाउँफर्क राष्ट्रिय अभियानलाई बढी प्रभावकारी कसरी बनाइएकोछ?**

उत्तरः १. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट प्रतिपादित "विकासको निमित्त राजनीति" भन्ने दिग्दर्शन अनुकूल पञ्चायती

व्यवस्थाको सिद्धान्तको परिमार्जित परिभाषा तथा व्याख्या गाउँफर्क केन्द्रीय समितिले आधिकारिक रूपबाट गर्ने भएकोले यस विषयमा कुनै भ्रम वा अलमलको स्थिति रहने गुञ्जायस अब छैन।

२. कुनै पनि व्यवस्थाको सफलता त्यसका कार्यकर्ताहरूमाथि निर्भर गर्छ। पञ्च कार्यकर्ताहरूले पञ्चायत व्यवस्थाका आधारभूत मान्यताहरूलाई आफ्नो संस्कारमा भिजाउनु परेको छ। व्यवस्थाका कार्यकर्ताहरूलाई व्यवस्थाप्रति आस्थावान् तथा कटिबद्ध तुल्याउने कठिन जिम्मेदारी गाउँफर्क राष्ट्रिय अभियानले वहन गर्नु पर्ने भएकोले यसको भूमिका सुहाउने गरी संविधानमा व्यवस्था गरिएको छ।

३. पञ्चायत व्यवस्थाको परिप्रेक्ष्यमा दलविहीनताको अर्थ राजनीतिक अनुशासनको अभाव कदापि सम्झन हुँदैन। साँगुरो दलीय स्वार्थलाई त्यागी बृहत् राष्ट्रिय हितको लागि कार्यरत रहन कडा अनुशासन तथा संयमको आवश्यकता पर्छ। पञ्च कार्यकर्ताहरूमा यो अनुशासन तथा संयमको भावना जागृत गराउने र कायम राख्ने गाउँफर्कको जिम्मेदारीलाई सुधारले बढी प्रष्ट पार्दछ।

४. गाउँफर्क पञ्चायती व्यवस्थाको राजनीतिक मेरूदण्ड हो भन्ने कुरा सुधारले प्रष्टचाएको छ। राष्ट्रनिर्माणको लक्ष्य हासिल गर्न बृहत् राष्ट्रिय अभियानको आवश्यकता पर्छ। विकासमूलक राजनीतिमा सम्पूर्ण जनतालाई सहकारी एवं सहभागी बनाएर विकासप्रक्रियालाई राष्ट्रव्यापी, स्वचालित र गतिशील तुल्याउने काममा प्रभावकारी भूमिका खेल्न आवश्यक पर्ने अधिकार एवं कर्तव्य गाउँफर्कलाई प्रदान गरिएको छ।

५. सुधारले गाउँफर्क राष्ट्रिय अभियानको कार्यक्षेत्रलाई पुनः निर्धारण गरेको छ। व्यवस्थाको निर्दिष्ट लक्ष्यप्राप्तिको लागि अनुकूल राजनीतिक वातावरण सृजना गरी पञ्च कार्यकर्ताहरूमा आत्मविश्वास, चारित्रिक बल तथा अनुशासन कायम राख्न सुधारले गाउँफर्कलाई सक्षम बनाएको छ।

६. पुनः निर्धारित कार्यक्षेत्र अनुरूप गाउँफर्क राष्ट्रिय अभियानका विभिन्न तहका समितिको संगठनात्मक स्वरूपमा पनि आवश्यक

परिवर्तन गरिएकोले सो अभियान बढी सक्षम, सुदृढ एवं प्रभावकारी हुनेछ।

**प्रश्न नं. ४. गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको नयाँ व्यवस्था मन्त्रिपरिषद्को समानान्तर एकाई बन्न गई आन्तरिक विरोधको वृद्धि हुन सक्छ कि ?**

उत्तर : १. कार्यकारिणीको दायित्व बोकेको मन्त्रिपरिषद्को कार्यक्षेत्र र नयाँ व्यवस्था गरिएको गाउँफर्क केन्द्रीय समितिको कार्यक्षेत्रको प्रकृति भिन्नाभिन्नै रहेको कुरा त त्यसै पनि बुझ्न सकिन्छ । जहाँसम्म मन्त्रिपरिषद्ले खेल्ने र खेल्नु पर्ने गुरुतर राजनीतिक भूमिकाको प्रश्न छ सो कुरा नयाँ व्यवस्था गरिएको गाउँफर्क केन्द्रीय समितिले खेल्ने भूमिकासंग प्रत्यक्ष वा परोक्ष रूपमा बाझिन गई आन्तरिक बाधाविरोध उत्पन्न हुन नपाओस् भनेर नै गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिमा मन्त्रिपरिषद् तथा राष्ट्रिय पञ्चायतका वरिष्ठ सदस्यहरू पनि सदस्य हुन सक्ने व्यवस्था गरिएको छ ।

२. अर्को कुरा, व्यवस्थाका विभिन्न निकाय र त्यसका कार्यकर्ताहरूले व्यवस्थाको लक्ष्य पूर्तिको लागि एक अर्काको दायित्व र कार्यक्षेत्र बुझी सामञ्जस्यपूर्ण रूपमा कार्य गर्नु पर्ने कुरा निर्दलीय व्यवस्थाको एउटा प्रमुख विशेषता र लक्षण हो । त्यसैले, मन्त्रिपरिषद् र गाउँ-फर्कको बीच सौताको जस्तो सम्बन्ध नभै नङ र मासुको सम्बन्ध हुनुपर्ने कुरा नयाँ व्यवस्थाको गठनविधिले झन् प्रष्ट पारेको छ ।

३. मन्त्रिपरिषद् र गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति सामूहिक तथा पृथक् रूपमा श्री ५ प्रति नै जवाफदेही हुने हुँदा दुबै निकायहरूको नीति निर्धारण, कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन श्री ५ को नेतृत्व र निर्देशन अनुरूप नै हुने भएकोले वास्तवमा यी निकायहरू एक अर्काको विरोधी वा प्रतिद्वन्द्वी नभै सहयोगी हुनेछन् । गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिबाट राजनीतिक कार्यक्रमको तर्जुमा हुँदा मन्त्रिपरिषद्का सदस्य समेतले भाग लिएका पञ्च भेलाहरूको माध्यमबाट प्रकाशमा आएका कुराहरूलाई आधार बनाइएको छ।

४. माथि उल्लेख गरे बमोजिम गाउँफर्क केन्द्रीय समितिमा मन्त्रिपरिषद्कै पनि वरिष्ठ सदस्य रहन्छन् । गाउँफर्क केन्द्रीय समितिले राजनीतिक कार्यक्रम तयार पारी श्री ५ समक्ष चढाउँदा र उक्त कार्यक्रम अन्तिम रूपले निर्धारित हुँदा मन्त्रिपरिषद्को विचार पनि दुबै प्रक्रियामा प्रतिविम्बित हुने पर्याप्त व्यवस्था छँदैछ ।

५. यस प्रकार कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा गाउँफर्क केन्द्रीय समिति र मन्त्रिपरिषद्को सन्निकटताको कारणले प्रतिस्पर्धा र अन्तर्-विरोध पर्ने अवस्था पर्दैन । कार्यान्वयनको क्षेत्रमा विरोध पर्ने पनि अवस्था छैन, किनभने पञ्चायत राजनीतिले जन-जीवनमा प्रभाव पार्न गर्नुपर्ने विकासकार्यक्रमहरूको कार्यान्वियन गर्ने अभिभारा र कार्यक्षेत्र मन्त्रिपरिषद्को हुन्छ । उक्त कार्यक्रमको सफल कार्यान्वियनको लागि पञ्चायतहरू मार्फत् तमाम पञ्च, वर्गीय संगठन र जनतालाई परिचालन गर्ने जिम्मेदारी गाउँफर्कको रहन्छ ।

**प्रश्न नं. ५. पञ्चहरूले खेल्ने राजनीतिक भूमिका नै पञ्चहरूको हातबाट खोसी गाउँफर्कलाई थुपारी दिएपछि अब पञ्च कार्यकर्ताहरूले के काम गर्ने भन्ने भ्रम हुन्छ कि ?**

उत्तर १. नयाँ व्यवस्था गरिएको गाउँफर्क राष्ट्रिय अभियानको गठनविधि र कार्यक्षेत्रले वास्तवमा पञ्च कार्यकर्ताहरूले खेल्ने र खेल्नु पर्ने राजनीतिक भूमिका र काममा कुनै कमी आउन दिएको छैन, बरू हाल गरिएको नयाँ व्यवस्थाले पञ्च कार्यकर्ताहरूलाई जनतासँगै भिजी जनप्रिय, अनुशासित र सक्रिय राजनीतिक भूमिका खेल्नु पर्ने दायित्वलाई अझै बढाइदिएको छ ।

२. पञ्च कार्यकर्ताहरू राष्ट्र र व्यवस्थाको निर्दिष्ट उद्देश्य अनुरूप कटिवद्ध, सक्षम र क्रियाशील हुनसकून् र बाटो नबिराऊन् भनी दिशाबोध गराउन तथा मार्गदर्शन दिन सकोस् भनेर नै गाउँफर्क राष्ट्रिय अभियानको व्यवस्था गरिएको हो ।

३. पञ्चायत तथा वर्गीय संगठनमा रहने कार्यकर्ताहरूको रचनात्मक राजनीतिक भूमिका र गतिविधिमा गाउँफर्क राष्ट्रिय अभियानको कुनै हस्तक्षेप रहँदैन ।

४. गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय स्तरदेखि क्रमशः गठन हुँदै जाने गाउँ वा नगर एकाईसम्म नै पञ्चायत तथा वर्गीय संगठनमा काम गरी अनुभवप्राप्त कार्यकर्ताहरू नै सदस्य हुनेछन् । यसरी जनताका माझमा रहेका आफ्नै बीचबाट आएका व्यक्तिहरूको मार्गदर्शनबाट पञ्च कार्यकर्ताहरूले खेल्ने राजनीतिक भूमिका अझै परिमार्जित र निर्दिष्ट हुनेछ । साथै, आ-आफ्नो तहमा रही जिम्मेदारीपूर्वक सक्रिय राजनीतिक कार्य गर्न सकून् भनी पञ्च कार्यकर्ताको मनोबल उठाउने काम नै गाउँफर्कको हो; राजनीतिक क्षेत्रबाट तिनीहरूलाई निष्क्रिय तुल्याउने काम यसको होइन ।

५. गाउँफर्कद्वारा आयोजित पञ्च भेलामा पञ्चहरूले आफूलाई परेको बाधा वा चित्त नबुझेका कुराहरू स्पष्ट व्यक्त गर्न पाउने, विभिन्न कार्यक्रममा सुझाउ दिन पाउने र आफ्नो राजनीतिक क्षमताको परिचय दिन पाउने पर्याप्त अवसरको व्यवस्था आदि गर्नुको तात्पर्य नै पञ्च कार्यकर्ताहरूबाट खेलिनु पर्ने राजनीतिक भूमिका र कार्यमा बढी सक्रियता आओस् भन्ने हो ।

**प्रश्न नं. ६. वर्गीय संगठनको नयाँ व्यवस्थाले जनपरिचालनमा कसरी बढी सघाउ पुऱ्याउँछ ?**

उत्तर १. विगत वर्षहरूको अनुभवबाट के देखिन्छ भने पञ्चायत र वर्गीय संगठनहरूका बीच सामञ्जस्य आउन सकेन । अब उप्रान्त वर्गीय संगठनका प्रारम्भिक कार्यसमितिहरूमा गाउँ वा नगर पञ्चायतको सदस्य र जिल्ला कार्य समितिमा जिल्ला पञ्चायतको सदस्य सभापति हुने व्यवस्था गरिएकोले पञ्चायत र वर्गीय संगठनको बीच अन्तर्द्वन्द्वको सम्भावना रहँदैन । जनपरिचालनको लागि वर्गीय संगठनहरूलाई संचालित गर्ने पूर्ण अभिभारा पञ्चायतहरूले नै वहन गर्नेछन् । वर्गीय संगठनहरूलाई सक्रिय पारी जनपरिचालन गराउन सके–नसकेको कुरा पञ्चायतहरूको मूल्यांकनको लागि एउटा महत्वपूर्ण ठोस आधार बन्नेछ ।

२. वर्गीय संगठनहरू राष्ट्रिय पञ्चायतमा उक्लने खुडकिलो मात्र बनेका छन्, वर्गीय संगठनका जिल्ला र गाउँ स्तरबाट कुनै कामै

भएको छैन भन्ने आलोचना जताततै सुनिन्थ्यो । अब यस्तो हुन पाउँदैन, किनभने वर्गीय संगठनबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व हुने व्यवस्था हटेको छ । खास कार्यक्षेत्र जिल्ला र गाउँ तथा नगरमा वर्गीय संगठनहरू क्रियाशील रहनेछन् । पञ्चायतबाट स्वीकृत आ-आफ्नो क्षेत्रमा पर्ने कार्यक्रम जनतासमक्ष पुऱ्याई जनसहभाग प्राप्त गर्ने माध्यम वर्गीय संगठन हुने हुँदा जनशक्ति परिचालन प्रभावकारी हुनेछ ।

३. साधन र कार्यक्रमको अभावमा वर्गीय संगठनहरू क्रियाशील हुन सकेका थिएनन् र वर्गीय संगठनका सदस्यहरू पञ्चायतलाई मात्र साधन जुटाइएको छ हामीलाई वास्ता गरिँदैन भन्ने गुनासो गरिरहन्थे । अब त्यस्तो अवस्था पर्दैन । पञ्चायत र वर्गीय संगठनका अलग अलग कार्यक्रम हुँदैनन् । पञ्चायतद्वारा निर्धारित र पञ्चायतकै साधनबाट कार्यान्वयन हुने कार्यक्रमहरूमा वर्गीय संगठनहरूले जनपरिचालनको प्रभावकारी भूमिका खेल्नेछन् ।

४. निर्वाचनको बेलामा मात्र वर्गीय संगठनमा सक्रियता आउँछ, सदस्य बनाउने काममा पनि पक्षपात हुन्छ, आफूलाई मदत दिने आफ्ना गुटका व्यक्तिलाई मात्र सदस्य बनाइन्छ भन्ने गुनासो पनि अब रहँदैन । सदस्य बनाउने काम पञ्चायतकै सदस्यले जिम्मेदारी-पूर्वक पूरा गर्नु पर्नेछ ।

५. वर्गीय संगठनहरूले आ-आफ्नो वर्गस्वार्थलाई मात्र सर्वोपरि राख्ने सम्भावना अब रहँदैन । पञ्चायतहरूको सर्वतोमुखी बृहत् कार्यक्रमबाट नै सबै वर्गको संतुलित विकास सम्भव हुने तथ्यले अब साकार रूप धारण गर्नेछ । अब व्यवस्थाका विभिन्न निकायहरू एक अर्कादेखि अलग रही काम गर्ने प्रतिद्वन्द्वी नभई परस्परमा समन्वयात्मक एकीकरणतर्फ लम्कने छन् ।

६. हाल किसान वा मजदूर संगठनको फाइदा वास्तविक श्रमजीवीले उठाउन पाएका छैनन् भन्ने आलोचना छ । अब त्यस्तो हुन पाउँदैन किनभने खुद श्रम गर्ने व्यक्ति मात्र त्यस्तो संगठनको सदस्य हुन सक्नेछन् ।

७. हाल भैरहेका पाँच वर्गीय संगठनहरूले सो संगठन भित्र पर्न नसक्ने चालीस वर्ष नाघेका कतिपय व्यक्तिहरूलाई अलग्याएका थिए । अब प्रौढ संगठनको पनि थप व्यवस्था भएकोले अनुभवप्राप्त परिपक्व धेरै व्यक्तिहरूले वर्गीय संगठनको माध्यमद्वारा राष्ट्रनिर्माणकार्यमा ठूलो योगदान गर्न सक्नेछन् ।

८. स्थानीय विकास परियोजनाहरूको सफल कार्यान्वयनमा योगदान दिएको आधारमा पञ्चायतका विभिन्न तहमा निर्वाचनको निमित्त उम्मेदवार हुन चाहने पञ्च कार्यकर्ताबारे जन-साधारणलाई समुचित एवं प्रत्यक्ष चिनारी गराउन वर्गीय संगठनहरूको भूमिका विशेष रूपमा उल्लेखनीय हुनेछ। साथै, यी संगठनहरू कार्यकर्ताहरूको प्रशिक्षण तथा अभ्यासस्थल बन्नेछन् ।

९. वर्गीय संगठनमा साधारण र सक्रिय दुई प्रकारका सदस्य हुनेछन् । आफ्ना संगठनको निर्दिष्ट उद्देश्यलाई पूरा गर्न नियमित रूपले संलग्न रहने, पञ्चायत व्यवस्थाको सिद्धान्त र कार्यक्रमलाई सुदृढ पार्न निरन्तर प्रयत्नशील रहने तथा संगठनभित्र वा बाहिर रहने जनशक्तिलाई विकासकार्यक्रममा संलग्न र उत्प्रेरित गर्न लगनशील रहने कार्यकर्ता नै सक्रिय सदस्य बन्न सक्नेछन् । व्यवस्थाप्रति आस्थावान्, संगठनको निर्दिष्ट उद्देश्य अनुरूप आचारण गर्न तत्पर तथा पञ्चायतद्वारा सञ्चालित कार्यक्रमलाई सहयोग र समर्थन गर्न समय समयमा क्रियाशील रहने सदस्य साधारण सदस्य हुन सक्नेछन् ।

१०. वर्गीय संगठनका सदस्यहरूको निरन्तर रूपमा मूल्यांकन भइरहने भएकोले सक्रिय रूपले भाग लिई योगदान गर्ने साधारण सदस्य सक्रिय सदस्यको श्रेणीमा पुग्न सक्नेछन् । त्यस्तै सक्रिय सदस्य पनि नियमित रूपले संगठनको कार्यक्रममा भाग नलिई निष्क्रिय रहेमा निजलाई साधारण सदस्यमा पुनः ओराल्न सकिनेछ । साधारण सदस्य सक्रिय सदस्य बनेपछि संगठनको कार्यसमितिको निर्वाचनमा मतदाता र उम्मेदवार हुन सक्नेछन्; साथै गाउँ सभामा उम्मेदवार हुन, गाउँ वा नगर पञ्चायतमा मनोनीत हुन वा गाउँफर्कको गाउँ वा नगर अभियान समितिमा समेत मनोनीत हुन सक्नेछन् ।

११. वर्गीय सगठनसम्बन्धी कुरामा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिलाई आवश्यक सल्लाह र सहयोग दिन तथा सम्बन्धित अन्तर्राष्ट्रिय क्षेत्रसंग सम्पर्क राख्न केन्द्रीय स्तरमा वर्गीय संगठनहरूको एउटा केन्द्रीय सल्लाहकार समिति रहनेछ। गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिका एक जना सदस्य उक्त समितिका अध्यक्ष हुनेछन् ।

१२. सो केन्द्रीय सल्लाहकार समितिमा प्रत्येक वर्गीय संगठनका ४।४ जनाका दरले जम्मा चौबीस जना सदस्यहरू रहनेछन् । उक्त सदस्यहरू आ-आफ्नो संगठनको काममा योगदान गरेको आधारमा प्रत्येक विकास क्षेत्रबाट १।१ जनाका दरले गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिद्वारा मनोनीत हुनेछन्। केन्द्रीय सल्लाहकार समितिका अन्य कार्यहरू गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले निर्धारण गरे बमोजिम हुनेछन् ।

**प्रश्न नं. ७. निर्वाचनसम्बन्धी सुधारले निर्दलीय व्यवस्था अनुरूप पञ्च कार्यकर्ताहरूलाई बढी जनमुखी र उत्तरदायी कसरी तुल्याउँदछ ?**

उत्तर : १. पञ्चायत व्यवस्थाले आम-जनताका बीच राजनीतिक वैमनस्य तथा प्रतिस्पर्धा हटाउन वर्तमान अवस्थामा अप्रत्यक्ष निर्वाचनलाई एक आधारभूत मान्यताको रूपमा ग्रहण गरेको त छँदै छ । यसको अतिरिक्त, अनुभवबाट थाहा हुन आए अनुसार निर्वाचन प्रक्रियामा देखा परेका त्रुटिहरू सुधार गर्दै जानु पनि व्यवस्थाको गतिशीलताको एउटा लक्षण हो ।

२. दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका आधारभूत मान्यताहरूप्रति कटिबद्ध सक्रिय कार्यकर्ताहरूबाट मात्र व्यवस्थाको सफल सञ्चालन हुन सक्दछ । तसर्थ पञ्चायत व्यवस्थाका मौलिक सिद्धान्तहरूलाई स्वीकार गर्ने तथा आफ्नो क्रियाकलापद्वारा व्यवस्थाप्रति आस्था दर्शाएका व्यक्तिहरूले मात्र पञ्च कार्यकर्ता बन्न सकून् भन्ने उद्देश्यले निर्वाचनमा उम्मेदवार बन्न चाहिने योग्यता निर्धारण गर्ने व्यवस्था गरिएको छ ।

३. कुनै तहमा केही समय काम गरी व्यवस्थाप्रति आस्था तथा योगदान प्रमाणित गरेर मात्र माथिल्लो तहमा चढ्न पाउने व्यवस्था हुनु पर्नेमा छिटो छिटो तह उक्ली माथिसम्म छिटै पुग्न सक्ने व्यवस्था भएकोले राष्ट्रिय हित तथा जनसेवाभन्दा व्यक्तिगत महत्त्वाकांक्षा नै राजनीतिक क्रियाकलापको मुख्य प्रेरक बन्न गएकोले योग्यता-निर्धारणबाट यसको निराकरण हुनेछ।

४. राष्ट्रिय पञ्चायतको लागि कुनै जिल्लाको प्रतिनिधिको निर्वाचनमा जिल्लाबासीहरूको भन्दा अञ्चल सभाको सदस्य भएको नाताले अन्य जिल्लाका व्यक्तिहरूको बढी हात भएकोले राष्ट्रिय पञ्चायतका सदस्यले आफ्नो जिल्लामा ध्यान दिनुको सट्टा अन्य जिल्लाका मतदाताहरूसंग गुट बनाउनेतर्फ बढी ध्यान दिन्छन् भन्ने पञ्च कार्यकर्ताहरूको गुनासो रहेको छ। अञ्चलीय आधार कायम राख्न आवश्यक भए पनि जिल्लाभित्रका पञ्च कार्यकर्ताहरूको बढी हात हुनु पर्छ भन्ने पञ्चहरूको माग अनुसार राष्ट्रिय पञ्चायतका सदस्यको निर्वाचनमा अञ्चल सभासद्हरूको साथै सम्बन्धित जिल्लाका सम्पूर्ण जिल्ला सभासद्हरूले मतदान गर्ने व्यवस्था गरिएको छ।

५. राष्ट्रिय पञ्चायतको लागि हुने निर्वाचनमा प्रस्तावक र समर्थक सम्बन्धित जिल्ला पञ्चायतकै सदस्य हुनु पर्ने अनिवार्यताले गर्दा प्रतिद्वन्द्वीले प्रस्तावक र समर्थक पाउन नसकोस् भन्ने हेतुले सदस्यहरूलाई विभिन्न प्रकारको प्रलोभन दिने प्रवृत्तिको सृजना भएको छ भन्ने पञ्चहरूको भनाइ सुनिन्छ। त्यस्तै, आफ्नो सीमित संख्याको नाजायज फाइदा उठाई प्रस्तावक वा समर्थक हुन सक्ने व्यक्तिहरूले उम्मेदवार हुन चाहने व्यक्तिसंग प्रस्तावक वा समर्थक बनिदिनको लागि अनुचित लाभको माग गर्छन् भन्ने पनि भनाइ रहेको छ। अब राष्ट्रिय पञ्चायतको उम्मेदवारको लागि प्रस्तावक वा समर्थक सम्बन्धित जिल्ला सभाको कुनै पनि सदस्य बन्न सक्ने फराकिलो व्यवस्था भएकोले प्रस्तावक र समर्थकको लागि हुन सक्ने धाँधली बन्द हुनेछ।

६. पञ्च कार्यकर्ताहरूको भनाइ अनुसार राष्ट्रिय पञ्चायतको लागि हुने निर्वाचनमा भ्रष्टाचार तथा धाँधली हुन सक्ने अर्को कारण के थियो भने सबै मतदाताहरू मतदानको समयमा अक्सर अञ्चलको सदरमुकाम जस्तो एकै ठाउँमा भेला हुन्थे र अन्त्य समयमा मतदाताहरूलाई आर्थिक प्रलोभन दिन उम्मेदवारहरूमा होडबाजी चल्ने, मतदाताहरूले पनि कुनै उम्मेदवारको पक्षमा मतदान गर्छु भनी आश्वासन दिई आर्थिक लाभ उठाउन खोज्ने तथा उम्मेदवार-हरूले मतदाताहरूलाई लुकाउने वा जबरजस्ती थुनी राख्ने इत्यादि अनैतिक कामहरू हुन सक्थे । अब उप्रान्त यस्तो अवस्था पर्दैन किनभने एक त सम्बन्धित जिल्ला सभाका सदस्यहरूले पनि मतदान गर्ने भएकोले मतदाताको संख्या बढ्ने हुँदा अनुचित प्रभाव पार्न कठिन हुनेछ । अर्को कुरा, मतदानकेन्द्र एकै ठाउँमा नरही विभिन्न जिल्लामा छरिने भएको हुँदा आखिरी समयमा मतदाताहरूलाई आकृष्ट गर्न आर्थिक प्रलोभन दिने कुरामा होडबाजी चल्न सक्ने अवस्था रहँदैन ।

७. सामाजिक न्याय तथा समन्वयमा आधारित शोषणरहित समाजको सृजना गर्ने लक्ष्य हासिल गर्न पञ्चायत व्यवस्थाले मूलतः नगरमा केन्द्रित तथा सम्पन्न बुद्धिजीवीहरूको वैचारिक सन्तुष्टिमा आधारित राजनीतिक परिपाटीलाई त्यागेर ग्रामीण वस्तुस्थितिमा आश्रित राजनीतिक प्रणाली अपनाएको छ । उच्च शिक्षा हासिल गरेको कारणबाट विभिन्न सेवामा प्रवेश पाई अथवा विभिन्न व्यवसाय अपनाई सर्वसाधारण जनताको मूल प्रवाहबाट अलग्गिएका तथा ग्रामीण वास्तविकतादेखि टाढा रहेका व्यक्तिहरूलाई पञ्चायत व्यवस्थाको माथिल्लो तहको निकाय राष्ट्रिय पञ्चायतमा सोझै प्रतिनिधि पठाउन पाउने विशेष सहुलियत प्रदान गर्नु पर्ने कुनै तर्कयुक्त र न्यायोचित कारण देखिंदैन । हो, पढे लेखेका व्यक्तिहरूको क्षमता अनुरूप देशनिर्माणमा तिनीहरूको विशेष भूमिका रहन्छ र यो सीमित दक्ष जनशक्तिको अधिकतम उपयोग विकासको लागि आवश्यक पर्छ । तर जहाँ सम्म राजनीतिक भूमिका खेल्ने कुरा

आउँछ, राजनीतिक कार्यकर्ताले व्यवस्थाप्रति आस्था दर्शाई जन-साधारणको विश्वास प्राप्त गरेको हुनै पर्छ । पढे लेखेको नाताबाट मात्र राजनीतिक खुबी प्राप्त हुँदैन ।

८. अर्को कुरा, अप्रत्यक्ष निर्वाचन पद्धति अपनाएको व्यवस्थामा उच्च शिक्षा हासिल गरेका व्यक्तिहरूलाई मात्र अपवाद स्वरूप सर्वोच्च विधायिकामा प्रत्यक्ष निर्वाचनद्वारा प्रतिनिधि पठाउन पाउने सहुलियत प्रदान गर्नु ग्रामीण झुकाउ भएको पञ्चायत-व्यवस्था-लाई नसुहाउने ठूलो विरोधाभास मात्र देखिन्छ । फेरि, पञ्चायतका निकायहरूमा पारस्परिक द्वन्द्व नहुने गरी यसका विभिन्न निकायहरूको बीच समन्वयात्मक तथा कार्यात्मक सम्बन्ध स्थापना गर्नु पर्ने सन्दर्भमा वर्गीय संगठनहरूलाई प्रारम्भिक कार्यस्थल अर्थात् जिल्ला, गाउँ तथा नगर क्षेत्रमा कार्यभूमिका प्रदान गरी सर्वोच्च विधायिकामा यिनबाट प्रतिनिधित्व हुने व्यवस्थाको अन्त्य गरिएको छ ।

९. राष्ट्रिय पञ्चायतमा निर्वाचन हुने माध्यम पञ्चायतका एकाई मात्र हुनु पर्छ र विभिन्न तहमा काम गरी व्यवस्थाप्रति आफ्नो आस्था तथा विश्वास देखाएका र साथै विकास कार्यक्रममा योगदान गरी जनप्रियता प्राप्त गरेका जनमुखी कार्यकर्ताहरूले मात्र सर्वोच्च विधायिकामा प्रवेश पाएमा तिनले व्यवस्थाको लक्ष्य अनुरूप जन-आकांक्षा प्रतिविम्बित गरी प्रभावकारी भूमिका खेल्न सक्छन् भन्ने कुरा निर्विवाद छ । व्यवस्थाप्रतिको आस्था र जनप्रियताको आधारमा पञ्चायतकै माध्यमद्वारा माथिल्लो तहसम्म पुग्न पाउने सुविधा उच्च शिक्षा हासिल गरेका व्यक्तिलाई पनि प्राप्त छँदैछ । यस हालतमा स्नातकहरूले मात्र सोझै राष्ट्रिय पञ्चायतमा निर्वाचन गर्न वा निर्वाचित हुन पाउने व्यवस्थाले एउटा प्रष्ट देखिने असङ्गति-लाई मात्र टडकारो पार्छ ।

**प्रश्न नं. ८. मन्त्रीहरूलाई बाहेक पञ्चायतका विभिन्न तहमा रहने प्रतिनिधि लाई प्रत्याह्वान गर्न सकिने नयाँ व्यवस्थाबाट के लाभ हुन्छ ?**

उत्तर : १. दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीमा जनताले वारिस नियुक्त गरेको जस्तो गरी प्रतिनिधि पठाउन निर्वाचनमा भाग

लिएर फुर्सत लिने कुरा आउँदैन । पञ्चायत व्यवस्थाको एउटा आधारभूत मान्यता के छ भने विकासमूलक राजनीतिमा सदासर्वदा आम जनताको सक्रिय सहभाग रहनु पर्छ र जनप्रतिनिधिले पनि जनताप्रतिको आफ्नो कर्तव्य तथा उत्तरदायित्वतर्फ सधैं सचेत रहनु पर्छ । प्रत्याह्वानको व्यवस्थाले यो चेतना कायम राख्छ ।

२. निर्वाचनको समयमा राजनीतिमा सक्रियता आउने र उम्मेदवार-हरूले मतदाताहरूको सामुन्ने विभिन्न प्रतिज्ञा गर्ने तर निर्वाचित भएपछि मतदाताको बेवास्ता गरी निजी स्वार्थको पूर्तितर्फ लाग्ने प्रवृत्तिलाई प्रत्याह्वानको व्यवस्थाले समाप्त गर्छ ।

३. राष्ट्रिय पञ्चायतका सदस्यहरूले एक पटक निर्वाचित भएपछि जिल्लाको धेरै वास्ता गर्दैनन्, जन-सम्पर्क पनि आवश्यक मात्रामा राख्दैनन्, आफ्नो पदावधिलाई सुरक्षित सम्झी गैर-जिम्मेदारी भावना लिने प्रवृत्ति दर्शाउँछन् भन्ने गुनासोलाई प्रत्याह्वानको नयाँ व्यवस्थाले निराकरण गर्छ ।

४. दलीय व्यवस्थामा प्रत्याह्वानलाई अक्सर स्थान दिइएको हुँदैन किनभने त्यस्तो व्यवस्थामा जनताको नाममा वास्तविक शक्ति कुनै खास बहुमतप्राप्त दलले प्रयोग गरेको हुन्छ । एक पटक मतदानबाट आफ्नो दलको उम्मेदवार विजयी भएपछि त्यसउपर मतदाताको भन्दा आफ्नै नियन्त्रण राख्नमा सो दलको स्वार्थ निहित रहेको हुन्छ । पञ्चायत व्यवस्था निर्दलीय भएकोले मतदाताप्रति प्रतिनिधिको जवाफदेही निजको पदावधिभर सार्थक रूपमा कायम रही रहनु पर्छ भन्ने कुरालाई यो व्यवस्थाले सिद्धान्तमा स्वीकार गर्ने मात्र होइन व्यवहारमा समेत अङ्गीकार गरेको छ । प्रत्याह्वानको व्यवस्था यही व्यावहारिक पक्षलाई ध्यानमा राखेर नै गरिएको हो ।

५. मन्त्रीहरूलाई प्रत्याह्वान नगरिने औचित्य के हो भने सर्वप्रथम मन्त्रिपरिषद्को मुख्य कार्यक्षेत्र मुलुकको शासनमा श्री ५ बाट नेपाल र नेपालीको हितका लागि समय समयमा बक्सेका मार्गदर्शनका अधीनमा रही सामान्य निर्देशन र नियन्त्रण गर्ने अभिभारा रहेको हुन्छ । दोस्रो, मन्त्रिपरिषद्को अधिकांश समय बृहत् राष्ट्रिय हित र

समस्याप्रति नै ध्यान तथा जाँगर लगाइरहनु पन हुन्छ । तेस्रो, मन्त्रीहरू राष्ट्रिय पञ्चायतको सदस्य हुनु पर्ने अनिवार्यताले निजहरू अत्यधिक संख्यामा सम्बन्धित जिल्ला र अञ्चल सभाकासदस्यहरू-द्वारा निर्वाचित हुने हुँदा मन्त्रीहरूलाई पनि प्रत्याह्वान गर्ने व्यवस्था गरिएमा निजहरूमाथि सम्बन्धित क्षेत्रका मतदाताहरूले आ-आफ्ना सीमित र संकुचित स्वार्थ तेर्साई बरोबर अनुचित दबाव दिने वा सो स्वार्थ पूर्ति नगरिदिएमा प्रत्याह्वानलाई आफ्नो स्वार्थको पक्षमा प्रयोग गर्न सक्ने अत्यधिक सम्भावना रही रहन्छ ।

६. पञ्च कार्यकर्ताको नाताले गाउँफर्कबाट मन्त्रीहरूको विशेष रूपमा निरन्तर मूल्याङ्कन भइरहेकै हुन्छ। साथै,आ-आफ्ना क्षेत्रका पञ्चायत-का निकायहरूसँग नियमित रूपमा सम्पर्क राखी कार्यकर्ताहरूलाई राष्ट्रिय वस्तुस्थिति, नीति र योजनाहरूबारे समुचित रूपमा बोध गराउन र केन्द्रीय नीति तथा निर्देशन अनुरूप उक्त निकायहरूलाई सक्रिय तुल्याउन मन्त्रीहरूले देखाएको लगनशीलता र आचरणनै मूल्याङ्कनको आधार बनेको हुन्छ । यसको अतिरिक्त,प्रत्येक मन्त्रीले आफ्नो पदको जिम्मेदारी ईमान्दारीपूर्वक पूरा नगरेमा निजलाई हटाइयोस् भनी प्रस्ताव ल्याउन सकिने व्यवस्थाले मन्त्रीहरूउपर प्रत्याह्वानको अर्को थप नियन्त्रणको आवश्यक पर्दैन ।

७. त्यसैले, प्रत्याह्वानको व्यवस्थाको सही प्रयोग भै दुरुपयोग नहोस् र यसले राजनीतिक खिचोलालाई स्थान नदेओस् भनी प्रत्याह्वानको विधि निर्धारण गर्दा उचित ध्यान दिइएको छ ।

**प्रश्न नं. ९. गाउँसभाको नयाँ व्यवस्था र नगरसभाको सृजनाको आवश्यकता किन ?**

उत्तर: १. पञ्च कार्यकर्ताको ओहदा एउटा जिम्मेदारीपूर्ण पद हो । यो पद प्राप्त गर्न व्यवस्थाप्रति पूर्ण आस्था तथा राष्ट्रहित र निःस्वार्थ जनसेवाको भावना भएको प्रत्यक्ष देखिनु पर्छ । एक्काईस वर्ष पुगेका नेपाली नागरिक स्वतः गाउँ सभाको सदस्य हुने व्यवस्थाले गर्दा पञ्च कार्यकर्ताहरूमा हुनु पर्ने विशिष्ट गुणको अभावमा पनि जोसुकै व्यक्ति पञ्च कार्यकर्ता मानिने कृत्रिम स्थिति उत्पन्न

भएको थियो। अब त्यस्तो हुँदैन। गाउँ सभाको सदस्य बन्न पनि पञ्च कार्यकर्ताले न्यूनतम योग्यता प्राप्त गरेको हुनै पर्छ। सामान्य नागरिक र पञ्च कार्यकर्ताको बीचको पृथक्ता बारे अब भ्रम रहँदैन।

२. वालिग गाउँवासी सबै गाउँसभाको सदस्य भनी कसैमाथि जिम्मेदारी नकिटिएकोले धेरैजसो गाउँ सभाहरूको बैठकनै बस्न सकेको थिएन। अब गाउँसभा पनि एउटा निर्वाचित र जिम्मेदारीपूर्ण निकाय बन्नेछ। गाउँ पञ्चायतको बजेटदेखि लिएर गाउँको विकासका लागि अपनाउनु पर्ने योजना तथा तिनको कार्यान्वयनको सम्बन्धमा अर्थपूर्ण छलफल गर्न र गाउँ पञ्चायतउपर आवश्यक निगरानी राख्न गाउँ सभा सक्षम हुनेछ।

३. पञ्चायतका सबै स्थानीय तहमा क्रमशः सभा र पञ्चायतको नाम धारण गरेका एउटा विधायिनी र एउटा कार्यकारिणी अंगको व्यवस्था भएकोमा अपवाद स्वरूप नगर क्षेत्रमा मात्र नगर सभाको कुनै व्यवस्था गरिएको थिएन। नगरको लागि विशेष विभेद गरिनु पर्ने कुनै तर्कयुक्त आधार देखिँदैन। अब नगर सभाको पनि व्यवस्था भएकोले नगर पञ्चायतको बजेट तथा अन्य कार्यक्रम बारे छलफल गर्ने र सो पञ्चायतको कारवाईमा निगरानी राख्ने एउटा आवश्यक तथा उपयोगी निकायको व्यवस्था भएको छ।

**प्रश्न नं. १०. जिल्ला सभा र जिल्ला पञ्चायतको गठनविधिमा परिवर्तन किन ?**

उत्तर : १ गाउँ वा नगर पञ्चायतले जिल्ला सभाको सदस्य निर्वाचन गरेर पठाउने व्यवस्थाले प्रधान पञ्च बाहेक अन्य सदस्य जिल्लासभासद् निर्वाचित भएको अवस्थामा जिल्ला स्तर र गाउँ वा नगर स्तरमा आवश्यक समन्वय कायम गर्न अप्ठेरो पर्ने र साथै जिल्लासभासद् र प्रधान पञ्चको बीच पद-ज्येष्ठताको आधारमा अनावश्यक पारस्परिक शंका उप-शंका र असहयोगको भावना उत्पन्न हुने सम्भावना हटाउन प्रधान तथा उप-प्रधानपञ्च दुबै जना पदेन जिल्ला सभाको सदस्य हुने व्यवस्था गरिएको छ।

२. जिल्ला भित्रका कुनै एक भेकका जिल्ला सभासद्हरू मिली सोही

भेकबाट जिल्ला पञ्चायतका सदस्यहरू निर्वाचित गरी पठाउने प्रवृत्ति लिएमा जिल्ला पञ्चायतको दृष्टि सो जिल्लाको कुनै एक भागमा मात्र केन्द्रित रहन गई विकास कार्यक्रमको आयोजना र कार्यान्वयनमा पनि असन्तुलन देखा पर्न सक्दछ। तसर्थ, जिल्ला क्षेत्र जस्तै नौ इलाकामा विभाजन गरी प्रत्येक इलाकाबाट जिल्ला पञ्चायतको लागि १।१ जनाका दरले प्रतिनिधि निर्वाचन गरी पठाउने व्यवस्था भएको छ।

**प्रश्न नं. ११. अख्तियार दुरुपयोग निवारण आयोगको संवैधानिक व्यवस्थाको उद्देश्य के हो ?**

उत्तर: १ आधुनिकीकरणको क्रममा एकातिर परम्परागत संस्कारले व्यक्ति-लाई उसको पारिवारिक, सामुदायिक एवं जातीय स्वार्थको संरक्षण तथा संवर्द्धनलाई प्राथमिक ठानी त्यसतर्फ प्रेरित गरिरहको हुन्छ भने, अर्कोतिर आधुनिक मान्यताले व्यापक राष्ट्रिय स्वार्थलाईनै सर्वोपरि राखी राष्ट्रभक्त नागरिकको कर्तव्य पालन गर्न दवाव दिइरहेको हुन्छ। राष्ट्र एवं सहनागरिकहरूप्रतिको उत्तरदायित्व-लाई बिर्सेर वा त्यसको विपरीत गएर आफ्नो व्यक्तिगत एवं पारिवारिक स्वार्थसिद्धि गर्न प्राप्त साधन र अख्तियारको दुरुपयोग गर्न संलग्न रहने च्युत आचरणनै भ्रष्टाचार हो। अख्तियारको दुरुपयोगको निराकरण गर्न समयमा नै ठोस एवं प्रभावकारी पाइलाहरू चालिएन भने यसले राष्ट्रको वहुमूल्य सीमित स्रोत तथा साधनको मात्र ह्रास नगराई राष्ट्रिय एकताको आधारलाई नै खुकुलो तुल्याइ दिनेछ।

२. आधुनिक राष्ट्रको सर्वोपरि जिम्मेदारी नै परम्परागत समाजको परिवार, कुटुम्व, सम्प्रदाय तथा जातिगत संस्कारलाई राज्य-व्यवस्थाको निर्धारित उद्देश्य र लक्ष्य अनुरूप प्रभावित एवं नियन्त्रित गर्नु हो। यसको लागि मार्ग-निर्देशकहरू स्वयं निर्दिष्ट हुनु पर्नेछ। कानून र नियमका प्रतिपादकहरूले नै पहिले नियमबद्ध हुनु जरूरी छ। राष्ट्रिय जन-जीवनका विभिन्न क्षेत्रहरू—राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक र न्यायिक क्षेत्र आदिमा अगुवाई गर्ने

व्यक्तिविशेष र राष्ट्रसेवकहरूको आचरणमानै व्यवस्थाका उच्चतम आदर्शहरू प्रष्ट एवं प्रबल रूपमा प्रतिविम्बित हुनु नितान्त आवश्यक छ किनभने राष्ट्रलाई अगुवाई गर्ने अख्तियारवाला समूह एवं व्यक्ति-विशेषबाटै नियम कानूनको अवहेलना, प्रदत्त अख्तियारको दुरुपयोग र जनताको पीरमर्का यथोचित रूपमा निराकरण गर्ने ढिलासुस्ती हुन थाल्यो भने व्यवस्थाले जन-आस्था गुमाउने छ। उक्त अवस्थामा स्वयं प्रशासन प्रभावहीन हुन जाने सम्भावना रहन्छ।

३. उपर्युक्त कुराहरूलाई ध्यानमा राखेर जुनसुकै क्षेत्रका वरिष्ठ राष्ट्र-सेवकहरूबाट अनुचित काम कारवाई; अख्तियारको बदनियत-पूर्वक दुरुपयोग र दुराचार हुन गएमा त्यसको समयमा नै छानवीन गरी निजहरू विरुद्ध आवश्यक कारवाई गर्न एउटा अधिकार-सम्पन्न उच्च स्तरीय निकायको संविधानमा व्यवस्था गरिएको छ। यसबाट जस्तोसुकै ठूलो ओहदाको व्यक्ति भए पनि निजले आफ्नो अख्तियारको दुरुपयोग गरेमा प्रभावकारी ढङ्गबाट कारवाई हुन सक्नेछ।

४. अख्तियारको दुरुपयोगको अनेक रूप हुन सक्छ। घुस लिने दिने काम मात्र त्यस्तो दुरुपयोगभित्र पर्ने होइन। अनुचित लाभ उठाउने वा अनुचित हानी पुऱ्याउने नियतबाट गरिएको जस्तोसुकै कामलाई पनि अख्तियारको दुरुपयोग सम्झनु पर्छ। तसर्थ नयाँ बन्दोबस्त गरिएको आयोगलाई अख्तियारको दुरुपयोग विरुद्ध व्यापक कारवाई गर्न सक्षम तुल्याइएको छ।

**प्रश्न नं. १२. गाउँ, नगर तथा जिल्ला पञ्चायतहरूमा गाउँफर्क राष्ट्रिय अभियान समितिले केही सदस्य मनोनीत गर्ने व्यवस्था किन गरिएको हो ?**

उत्तर : नं. १. सामाजिक न्यायमा आधारित शोषणरहित समाजको सृजना गर्ने पञ्चायत व्यवस्थाको लक्ष्य प्राप्त गर्नको लागि राजनीतिक, आर्थिक तथा सामाजिक हर क्षेत्रमा सबैलाई समान अवसर प्रदान गर्नु पर्ने आवश्यकता पर्छ। तर यहाँनिर "समान अवसर" को वास्तविक अर्थ राम्ररी बुझ्नु पर्छ। सहुलियत उपभोगको दृष्टिबाट असमान स्थितिमा रहेका व्यक्तिहरूको बीच समानता ल्याउन असमान व्यवहार

गर्नै पर्छ । नत्र, शाब्दिक रूपमा मात्र समानता प्रदान गर्ने हो भने आर्थिक वा सामाजिक स्थितिमा हाल अगाडि रहेका वर्ग वा व्यक्तिहरू पिछडिएका वर्ग वा व्यक्तिहरूभन्दा जहिले सुकै पनि अगाडिनै रहन्छन् र देशविकासको फाइदाको वितरणमा पनि हाल सहुलियत प्राप्त गर्नेले नै बढी हिस्सा पाउँछन् । शोषक र शोषितको भिन्नता कायम नै रहन्छ ।

२. उपर्युक्त कारणले गर्दा पिछडिएका वर्ग वा व्यक्तिलाई अभिजात वर्ग वा व्यक्तिको दाँजोमा विशेष सहुलियत प्रदान गर्नै पर्छ । यो विभेद राजनीतिक, आर्थिक तथा सामाजिक हर क्षेत्रमा प्रासंगिक हुन्छ । सम्पत्ति, जाति, शिक्षा, लिंग इत्यादिको दृष्टिबाट पिछडिएका वर्ग वा व्यक्तिको विकासको लागि अरूको दाँजोमा त्यस्तो वर्ग वा व्यक्तिलाई बढी सहुलियत प्रदान गर्नु पर्छ । राजनीतिक क्षेत्रमा यो सहुलियत प्रदान गर्ने एउटा तरीका मनोनयन हो ।

३. न्यूनतम योग्यता पुगेका सबै व्यक्तिलाई निर्वाचनमा उम्मेदवार हुन र मतदान गर्न समान अवसर प्राप्त गरिने भएबाट सबैमा समान व्यवहार गरिएजस्तो देखिए पनि वास्तवमा यो समानता भ्रमात्मक मात्र हो । शिक्षाको अभावले गर्दा राम्रोसंग विचार व्यक्त गर्न नसक्ने, सम्पत्तिको कमीले गर्दा निर्वाचनको प्रचारमा खर्च गर्न नसक्ने, अल्पसंख्यक जातिको व्यक्ति भएकोले जातीय झुकाउको दृष्टिले बेफाइदाजनक स्थितिमा रहेको वा स्वास्नी मानिस भएकोले पुरुषको दाँजोमा धेरै पछि परेको इत्यादि जुनसुकै कारणले होस् यस्ता व्यक्तिहरूलाई निर्वाचनमा विजय हासिल गर्न सामान्यत: गाह्रो पर्छ ।

४. तसर्थ, निर्वाचन मात्र पञ्चायतका निकायहरूमा प्रवेश पाउने माध्यम रहने हो भने यसमा पिछडिएका व्यक्तिहरूले कम मौका पाउँछन् र यिनको उत्थानको समस्या जटिलतर हुन्छ । त्यसैले, तुलनात्मक दृष्टिले निम्न स्थितिमा रहेका यस्ता व्यक्तिहरूमध्येबाट योग्यता हेरी गाउँफर्कले गाउँ, नगर वा जिल्ला पञ्चायतमा केही सदस्य मनोनयन गर्ने व्यवस्था पञ्चायत प्रणालीको शोषणविहीन समाज

सृजना गर्ने लक्ष्य अनुरूप नै छ।

५. मनोनयनको व्यवस्थाको अर्को फाइदा के छ भने निर्वाचनको प्रतिस्पर्धात्मक प्रक्रियामा भाग लिन नचाहने तर व्यवस्थाप्रति पूर्ण आस्था र विश्वास भएका, आफ्नो चारित्रिक बल तथा क्रियाशीलताबाट जनप्रियता प्राप्त गरेका र साथै पञ्चायतको काममा योगदान गर्न सक्ने क्षमता भएका व्यक्तिहरूको कार्यात्मक गुणको लाभ व्यवस्थाले उठाउन सक्दछ।

**प्रश्न नं. १३. विभिन्न तहको पञ्चायतका पदाधिकारीहरूको निर्वाचनमा दुईतिहाई बहुमत प्राप्त गर्न नसकेमा ती पदाधिकारीहरू तोकिने व्यवस्था किन गर्नु परेको हो ?**

उत्तर : १. निर्दलीयता पञ्चायत व्यवस्थाको मौलिक लक्षण हो । निर्दलीय शब्दको सही परिभाषा नबुझी यसको व्यापक महत्वको बोध हुन सक्दैन। सीमित साधन र स्रोतलाई दलगत राजनीतिको होडबाजीमा व्यय हुन नदिन राजनीतिक दलहरूको औपचारिक अस्तित्व नरहने कुरा त सामान्यतया यसै पनि बुझ्न सकिन्छ । तर गुट निरपेक्ष व्यवस्थामा गुटबन्दीको औपचारिक अस्तित्व मात्र समाप्त गरेर पुग्ने होइन । मुख्यतः राजनीतिक संस्कार, चेतना र आचरणमा नै पूर्णतया दल निरपेक्षता प्रतिविबिम्त भएको हुनु पर्दछ ।

२. तमाम पञ्च कार्यकर्ताहरूले आपसी द्वन्द्वको भावनालाई त्यागेर आफ्नो श्रम तथा शक्ति देशनिर्माण कार्यमा लगाउनु पर्छ। निर्वाचनको दौरानमा उम्मेदवारहरू तथा तिनका समर्थकहरू बीच प्रतिस्पर्धा उब्जनु स्वाभाविक हो तर निर्वाचन समाप्त भएपछि सो प्रतिस्पर्धात्मक भावनाको पनि अन्त्य हुनु पर्दछ । विजय र पराजयको प्रतिक्रिया निर्वाचनको साथसाथै समाप्त हुनु पर्छ । तर पञ्च कार्यकर्ताहरूमा निर्दलीयताको वास्तविक मर्मको बोध नभइकन र निजहरूले यसमा कठिन अभ्यास नगरीकन निर्वाचनको दौरानमा उब्जेको प्रतिद्वन्द्वात्मक भावना सेलाउन सक्दैन।

३. विगत वर्षका अनुभवहरूबाट निर्वाचनको समयमा सृजना भएको समूहवन्दीले स्थायी रूप लिने प्रवृत्ति दर्शाएको पाइन्छ । फलस्वरूप

कुन विजयी उम्मेदवारले आफूलाई समर्थन नगर्ने समूहलाई आफ्नो कार्यकालभर बेवास्ता गर्ने र पराजित उम्मेदवारले तथा निजका समर्थकहरूले असहयोगको नीति अपनाई राख्ने स्थिति व्यापक रूपमा देखिएको छ।

४. देश निर्माणतर्फ नै शक्ति र साधन एकत्रित गराउनु पर्ने आवश्यकता जरूरी भएकोले पञ्च कार्यकर्ताहरू बीच पारस्परिक असहयोगको भावना उत्पन्न हुन सक्ने संघर्ष विन्दुहरूलाई सकभर हटाउन परेको छ। यस सन्दर्भबाट विचार गर्दा मुख्यतया कार्यान्वयनको जिम्मेदारी वहन गर्ने गाउँ, नगर तथा जिल्ला पञ्चायतका पदाधिकारीको निर्वाचन गर्दा उठ्न सक्ने गुटबन्दीलाई समाप्त गर्न उचित देखिएको छ। यी पञ्चायतका निकायहरूभित्रैका कार्यकर्ताहरूको बीच द्वन्द्व तथा असहयोगको भावना सृजना भएमा यिनले प्रभावकारी रूपबाट काम गर्न नसक्ने निर्विवाद छ।

५. मत फुटेर अल्प बहुमतबाट निर्वाचित भएका प्रधान पञ्च वा उप-प्रधान पञ्च तथा जिल्ला पञ्चायतका सभापति वा उपसभापतिले आजको वातावरणमा आवश्यक मात्रामा दरिलो नेतृत्व प्रदान गर्न सक्दैनन्। तसर्थ यस्ता पदाधिकारीहरूको निर्वाचनमा विजयी हुन दुई-तिहाई बहुमत प्राप्त गर्नुपर्ने र सो आवश्यक बहुमत प्राप्त हुन नसकेमा राजनीतिक परिचालनको व्यापक जिम्मेदारी वहन गर्ने गाउँफर्कले तोकिदिने व्यवस्था गरिएको हो।

६. राष्ट्रिय पञ्चायतको अध्यक्ष, उपाध्यक्षको निर्वाचनलाई लिएर पनि सदस्यहरूमा अनावश्यक एवं अवाञ्छनीय समूह विभाजन कायम रहेको अनुभव भएको छ। निर्दलीयताको जगमा अडेको व्यवस्थाको सर्वोच्च विधायिकाको अध्यक्ष तथा उपाध्यक्ष जस्तो व्यक्तिलाई राष्ट्रिय पञ्चायतका सम्पूर्ण सदस्यहरूको विनाशर्त आस्था तथा विश्वास प्राप्त हुनु अत्यन्त जरूरी छ। दलबन्दीको आधारमा सदनभित्र सचेतकको छडी उपयोग गर्ने अधिकारीको अभावमा अध्यक्ष तथा उपाध्यक्षप्रति रहेको सदस्यहरूको अगाध आस्था र पूर्ण विश्वासबाट मात्रै सदनको गरिमा र मर्यादा कायम

रहन सक्दछ र निर्दलीय स्वभाव अनुसार यसमा हुने काम कारवाई छिटोछरितोसंग सम्पन्न हुन सक्दछ । तसर्थ, अब उप्रान्त राष्ट्रिय पञ्चायतको अध्यक्ष र उपाध्यक्षको पदमा नियुक्त हुन सिफारिशको लागि हुने निर्वाचनमा विजयी हुन दुई–तिहाई बहुमतको आवश्यकता पर्ने र सो आवश्यक बहुमत प्राप्त नभएमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको परामर्शमा श्री ५ बाट राष्ट्रिय पञ्चायतका सदस्य-हरूमध्येबाट नियुक्त हुने व्यवस्था गरिएको हो ।

७. यसरी निर्वाचनमा दुई–तिहाई बहुमतको आवश्यकता पर्ने व्यवस्था गरिदिनाले पदाधिकारी छान्दा पञ्च कार्यकर्ताहरूमा आपसी सल्लाह र वार्ताको आधार अपनाउने प्रवृत्ति जागृत हुनेछ र साथै अल्प बहुमतबाट पदाधिकारी निर्वाचित हुँदा गुटबन्दी कायम रहने सम्भावना धेरै मात्रामा हट्न जानेछ ।

**प्रश्न नं. १४. स्थानीय पञ्चायतका विभिन्न तहमा निर्वाचित सदस्यको रिक्त स्थानको पूर्ति उपनिर्वाचनद्वारा नगरी सहवरणद्वारा पूर्ति हुने व्यवस्था किन ?**

उत्तर : १. पञ्च कार्यकर्ताहरूको बीचको निर्वाचनमा राजनीतिक सिद्धान्तको भिन्नता आधार बनेको हुँदैन । व्यवस्थाप्रतिको आस्था, जनप्रियता र जन-परिचालन गर्ने क्षमता तथा निजहरूले सम्बन्धित तहमा गरेको योगदान मात्र उम्मेदवारहरूले मतदाताहरूलाई आकर्षण गर्ने आधार बन्न सक्दछन् । तर राजनीतिक प्रशिक्षणद्वारा व्यवस्थाको दलविहीन चरित्र अनुरूप राख्नु पर्ने अनुशासन र चारित्रिक बलको प्रादुर्भाव भएपछि मात्र निर्वाचनमा यस्तो शुद्धता आउन सक्दछ । त्यस बेलासम्म निर्वाचन पञ्च कार्यकर्ताहरूको बीच प्रमुख संघर्ष विन्दुको रूपमा कायम रही रहने कुरालाई बिर्सन सकिंदैन । तसर्थ, निर्वाचनको पटकलाई सकभर घटाउनु उपयुक्त हुन्छ । यसकारण रिक्त स्थानको पूर्ति गर्न उपनिर्वाचन गर्नुको सट्टा मतैक्यबाट सहवरण गर्ने र मतैक्य हुन नसकेमा राजनीतिक परिचालनको जिम्मेदारी वहन गर्ने गाउँफर्क राष्ट्रिय अभियानले तोकिदिएको सदस्यद्वारा पदपूर्ति हुने व्यवस्था गरिएको छ ।

**प्रश्न नं. १५. राष्ट्रिय पञ्चायतमा सम्बन्धित समितिबाट विधेयक पेश हुने नयाँ व्यवस्था किन गरिएको ?**

उत्तर : नं. १. राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई मुलुकको शासनमा बढी मात्रामा सरीक गराउने उद्देश्यले राष्ट्रिय पञ्चायतका विभिन्न समितिहरूलाई अझ बढी सक्रिय बनाउन विधेयकहरू सम्बन्धित समितिमा पेश हुने व्यवस्था गरिएको हो ।

२. कार्यकारिणी र विधायिकाको सम्बन्ध बारे निर्दलीय व्यवस्थाका आफ्नै विशेषताहरू हुन्छन् । यस व्यवस्थामा विरोधी पक्ष वा सहयोगी पक्ष भन्ने गुटबन्दी हुँदैन । विधायिका र कार्यकारिणीको बीच नियन्त्रक र नियन्त्रितको सम्बन्धभन्दा सहयोगी र सहभागीको सम्बन्ध बढी हुन्छ । यस अवस्थामा शासन सञ्चालन गर्न उचित कानूनहरू निर्माण गर्नेतर्फ मन्त्रिपरिषद्का सदस्यहरू मात्र बढी प्रेरित रहनु पर्छ भन्ने धारणा अप्रासंगिक भई राष्ट्रिय पञ्चायतका सबै सदस्यहरूले संयुक्त रूपबाट उत्तरदायित्व वहन गर्नुपर्ने हुन्छ । राष्ट्रिय पञ्चायतका सबै समितिहरूलाई विधेयकनिर्माण कार्यमा बढी संलग्न गराउने व्यवस्थाबाट यस दिशामा ठूलो प्रगति प्राप्त हुनेछ ।

३. नेपाली जन-जीवनलाई असर पर्ने विभिन्न विषयका कानूनहरूको निर्माण तथा संशोधनका लागि राष्ट्रिय पञ्चायतमा सोझै विधेयक प्रस्तुत गरी निर्देशक समितिले हतारोमा केलाउँदा कार्यबोझले गर्दा आवश्यक दृष्टि र ध्यान पुग्न नसक्ने हुन्छ । तसर्थ, अब सम्बन्धित समितिमा पहिले नै विधेयक पेश भई उक्त समितिबाट सो विधेयकको विस्तृत अध्ययन हुने हुँदा राम्रो विचार पुग्न सक्ने र पछि पूरा सदनमा त्यसबारे विचार विमर्श हुँदा कुरा चाँडो बोध हुन सक्ने भई अर्थपूर्ण छलफलद्वारा काम शीघ्र फर्स्यौट हुन जानेछ ।

■

7159
MARTIN CHAUTARI LIBRARY KTM, NEPAL

मुद्रकः– श्री ५ को सरकारको छापाखाना, काठमाडौं ।

3
E